वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७३

<u>सूचनाहरु:</u>

१. नेपाल सरकारको निर्णय अनुसार आगामी २०७४ साल बैशाख १ देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने निर्णय अनुसार यस वालिङ नगरपालिकाद्धारा तपसिलको मिति, समय र स्थानमा तपसिलको कार्यक्रमको आयोजना गरिएको हुंदा नगरस्थित राजनितिक दलका प्रमुख/प्रतिनिधि, नगरस्थित सवै सरकारी कार्यालय, संघसंस्था, स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधिहरु,वडा नागरिक मञ्च, टोल विकास संस्थाका सदस्यहरु एवं सरोकारवाला सवैमा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

<u>तपसिल:</u>

**क. व्यक्तिगत घटना सम्वन्धित प्रवचन कार्यक्रम**
**प्रवचन हुने स्थान: वालिङ नगरपालिकाको सभा हल**
**मिति: २०७४ बैशाख ६ गते**
**समय: विहानको ११.३० बजे**

**ख. विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता**
**प्रतियोगिता संचालन हुने स्थान: श्री रणविर जनहित उ.मा.वि. वालिङ १ खहरे**
**मिति: २०७४ बैशाख ७ गते**
**समय: विहान ११.४५ बजे**

**ग. व्यानर र प्लेकार्ड सहित र्‍याली (वालिङबजार परिकमा)**
**मिति: २०७४ बैशाख ७ गते**
**समय: विहान ७.३० बजे**

२. वालिङ नगरपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्ने सवै दलित बालवालिकाहरु जन्मेको ३५ दिन भित्र सम्वन्धित वडा कार्यालयमा गई जन्मदर्ता गरेमा प्रोत्साहन स्वरुप रु.१०००।०० पाउने व्यवस्था भएको हुंदा सरोकारवाला सवैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

३. एउटै आमाबाट जन्मेका (२ जना सम्म) ५ वर्ष भन्दा मूनिका दलित बालवालिकाले मासिक बालपोषण भत्ता रु.४००।०० पाउने व्यवस्था भएको ।

४. कुनै पनि व्यक्तिगत घटना घटेको ३५ दिन भित्र सम्वन्धित वडा कार्यालयमा गई दर्ता गरेमा दर्ता शुल्क लाग्ने छैन ।

५. जन्म, मृत्यु, बसाईसराई, विवाह एवं सम्वन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

६. जन्मदर्ता बालवालिकाको नैसर्गिक अधिकार हो । त्यसैले बच्चा जन्मेको ३५ दिनभित्र आ आफनो वडा कार्यालयमा गै जन्मदर्ता गरौं ।

७. व्यक्तिगत घटना दर्ता नगराएमा सरकारी सेवा सुविधाबाट बञ्चित हुने हुंदा अनिवार्य रुपमा घटना दर्ता गरी सरकारी सेवा सुविधा प्राप्त गर्नुहोस् ।

नि. कार्यकारी अधिकृत